# हाम्रो पर्यावरण

उद्योग, पर्यटन, वन तथा वातावण मन्त्रालय, कर्णाली प्रदेशद्वारा प्रकाशित

वर्ष १ - अंक-१ - पुस - २०८२


## प्रकाशकीय

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेशबाट मन्त्रालयको मुखपत्रको रुपमा वन तथा वातावरण संरक्षण सम्बन्धी गतिविधिहरुको संगालो, मासिक समाचार बुलेटिन "हाम्रो पर्यावरण" को पहिलो अंक प्रकाशन गर्न पाउँदा अत्यन्तै हर्षित भएका छौं । यो बुलेटिन चालु आ.व. २०८२/८३ को पौष महिनादेखि असाढ सम्म वन तथा वातावरण संरक्षण सम्बन्धी गतिविधिहरु समेटी प्रकाशन गरिनेछ भने मन्त्रालयले आगामी वर्षहरुमा समेत यस प्रकाशनलाई निरन्तरता दिने लक्ष्य राखेको छ । उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको समन्वयमा वन तथा वातावरण क्षेत्रमा कार्यरत साझेदार एवं सहयोगी संघ संस्थाहरुका उल्लेखनीय समाचार एवं गतिविधिहरुलाई समेत यस बुलेटिनमा समावेश गरिनेछ ।

वन संरक्षण कार्य अत्यन्तै जटिल र चुनौतीपुर्ण रहेको छ । वन अतिक्रमण नियन्त्रण, वन पैदावार तथा वन्यजन्तुहरुको अवैध चोरीशिकार, मानव-वन्यजन्तु द्वन्द न्यूनिकरण लगायतका कार्यहरु वन संरक्षणकर्मीहरुको लागि बढी चुनौतीपुर्ण बन्दै गएका छन । मन्त्रालय मातहत वन संरक्षण तथा व्यवस्थापनका लागि हाल एक वटा प्रदेश वन निर्देशनालय, एक वटा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, ११ वटा डिभिजन वन कार्यालयहरु तथा ५८ वटा सब-डिभिजन वन कार्यालयहरु निरन्तर रुपमा २४ सै घण्टा संरक्षण कार्यमा खटिएका छन । प्रत्येक कार्यालयहरु एवं कर्मचारीरहरु निरन्तररुपमा वन संरक्षण तथा वन अपराध नियन्त्रण एवं वन व्यवस्थापन कार्यमा खटिएको भएतापनि कार्यालयहरुबाट हुने गतिविधिहरुको प्रचार-प्रसार एवं जानकारीहरु सम्बन्धित सरोकारवालाहरु समक्ष नपुग्दा वन संरक्षण कार्यको महत्व गौण हुन पुगेको छ । यस सन्दर्भमा यस प्रकाशनले वन संरक्षण सम्बन्धमा मन्त्रालय लगायत सबै निकायहरुबाट भए गरेका कार्यहरुको जानकारी आम सरोकारवालाहरु एवं सर्वसाधारणहरुमा पुऱ्याई वन संरक्षण कार्यमा सकारात्मक योगदान समेत पुऱ्याउने अपेक्षा राखिएको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मातहतका कार्यालयहरुको वन तथा वातावरण संरक्षण सम्बन्धी गतिविधिहरुको सार्वजनिकिकरण गर्नको लागि पहिलो प्रयासको रुपमा हामीले यो प्रकाशन ल्याएका छौं । यस कार्यमा सहयोग पुऱ्याउनु हुने सबैमा सम्पादनमण्ड विशेष आभार प्रकट गर्दछौं । यस प्रकाशनको लागि समाचारहरु उपलब्ध गराउनुहुने सबै कार्यालय एवं निकायहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं । यसका साथै आगामी प्रकाशनमा समेत यहाँहरुका अमुल्य समाचार, लेख रचना तथा सन्देशहरु उपलब्ध गराई सहयोग पुऱ्याउँदै कर्णाली प्रदेशको समग्र वनक्षेत्रको व्यवस्थापनलाई योगदान पुऱ्याउनुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछौं ।

**शेरबहादुर परियार**
**महाशाखा प्रमुख**
वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखा

# मन्त्रालय स्तरिय विकास समस्या समाधान समितिको बैठक सम्पन्न




कर्णाली प्रदेश अनुगमन तथा मुल्यांकन निर्देशिका, २०७५को दफा ६(१) बमोजिम गठित मन्त्रालय स्तरिय विकास समस्या समाधान उपसमितिको बैठक मन्त्रालयका सचिव श्री अजीत कुमार कर्ण ज्यूको मिति २०८२।०९।०८ गते सम्पन्न भएको छ । उक्त बैठकमा यस मन्त्रालय मातहतका विभिन्न निर्देशनालय तथा कार्यालयहरुमा विकास आयोजनाहरु कार्यान्वयनका क्रममा देखिएका जटिलताहरु तथा उक्त जटिलताको निरूपणका लागि मन्त्रालयले चाल्ने भावी कार्ययोजना तथा रणनीति तय गरिएको थियो । उक्त बैठकमा केही कार्यक्रमहरु कार्यान्वयनको लागि स्पष्ट कार्यविधि नबन्दा कार्यन्वयनमा जटिलता रहेको र सो को लागि आवश्यक

*बाँकी पृष्ठ ४ मा*

# वन सेवाका कर्मचारीहरुको फिल्डस्तरमा प्रयोग हुने ड्रेसकोड लागु

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश वन सेवाका कर्मचारीहरुको लागि फिल्डस्तरमा प्रयोग हुने पोशाक सम्बन्धि ड्रेसकोड कार्यविधि, २०८२ स्वीकृत गरेको छ। सो कार्यविधि स्वीकृत भएपश्चात कर्णाली प्रदेश वन सेवाका कर्मचारीहरुले फिल्डस्तरका वन संरक्षण तथा वन अपराध नियन्त्रण, वन व्यवस्थापन एवं समुदाय परिचालन लगागतका कार्यहरु सञ्चालन गर्दा प्रदेश वन सेवाको (चिन्ह) सहितको छुट्टै पोशाक प्रयोग गर्नेछन् । वन सेवाका कर्मचारीहरुले कार्यालयमा काम गर्दा भने नियमित निजामती पोशाक नै



*बाँकी पृष्ठ ७ मा*

## ~ शुभकामना ~



कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखाबाट वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी समाचार तथा जानकारीहरूको संग्रह एवं यस मन्त्रालयको मुखपत्रको रूपमा मासिक बुलेटिन "हाम्रो पर्यावरण" को प्रथम अङ्क प्रकाशन हुन लागेकोमा म अत्यन्तै खुशी व्यक्त गर्दछु। साथै यस प्रथम अङ्क तयारीमा खटिनु हुने महाशाखाका कर्मचारीहरू तथा समाचार एवं सामग्रीहरू उपलब्ध गराउनु हुने मातहतका सबै कार्यालयहरू तथा निकायहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । वन क्षेत्र कर्णाली प्रदेश सरकारको महत्वपूर्ण आर्थिक क्षेत्र हो । कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षमा नै वन क्षेत्रबाट सङ्कलन हुने राजश्वको वृद्धि हुने अपेक्षा गरेको छ । यसका लागि कर्णाली प्रदेश सरकार मातहतका वन संरक्षण तथा व्यवस्थापन कार्यमा खटिने निकायहरू, विशेष गरी डिभिजन वन कार्यालयहरू तथा सब डिभिजन वन कार्यालयहरूको सेवा प्रवाह प्रभावकारी तथा पारदर्शी हुन जरुरी रहेको छ । यस दृष्टिले समेत समाचार बुलेटिन प्रकाशनबाट पारदर्शिता र प्रभावकारी सेवा प्रवाहमा विशेष योगदान पुग्ने विश्वास व्यक्त गर्दछु । यस बुलेटिनले मन्त्रालय र मातहतका कार्यालयहरूबाट हुने वन तथा वातावरण संरक्षण सम्बन्धी सूचना, जानकारी, विचार तथा सेवा प्रवाह सम्बन्धी सार्वजनिक महत्त्वका विषयहरूलाई समेट्ने नै छ ।

वन सेवा प्रचलित कानूनले दिएको अर्ध-न्यायिक अधिकार सहितको विशिष्ट सेवा हो । यस कारण यो सेवामा कार्यरत कर्मचारीहरू वन सुरक्षा तथा वन अपराध नियन्त्रणमा खटिई प्रकृति, पर्यावरण र समग्र पृथ्वीकै अस्तित्व रक्षाजस्तो महत्वपूर्ण जिम्मेवारीमा खटिने भएकाले अन्य सेवाका कर्मचारीहरूभन्दा अझै बढी अनुशासित, प्रतिबद्ध र नेतृत्व-पंक्तिबद्ध हुन अत्यावश्यक छ । वन सेवाको सेवा सञ्चालन गर्ने मन्त्रालयको विभागीय मन्त्रीको हैसियतले यस सेवाका कर्मचारीहरू परिचालन गर्न र महत्वपूर्ण जिम्मेवारीको हिस्सा हुन पाउँदा म गौरवान्वित महसुस गर्दछु। वन सेवाका कर्मचारीहरूको यो महत्वपूर्ण जिम्मेवारी र दायित्वका सम्बन्धमा भएका कार्यहरूको पर्याप्त प्रचार-प्रसार नभएको कारणले ओझेलमा पर्न गएको हुँदा बुलेटिन प्रकाशनले यो सेवाको महत्त्वलाई थप उजागर गर्नेछ भन्ने विश्वास लिएको छु। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रकाशन हुन गइरहेको यस प्रकाशनमा आफ्ना कार्यालयका समाचार, जानकारी तथा अन्य विवरणहरू उपलब्ध गराई प्रकाशनको लागि सहयोग गर्नु हुने सबै निकायहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु। साथै भविष्यमा समेत सबैले वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित लेख, रचना, जानकारी तथा समाचारहरू उपलब्ध गराउने नै छन् भन्ने विश्वास पनि लिएको छु ।

धन्यवाद ।

**माननीय सुरेश अधिकारी**
**मन्त्री**
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## ~ शुभकामना ~



कर्णाली प्रदेशका डिभिजन वन कार्यालय, वन निर्देशनालय तथा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत संचालन भैरहेका वन तथा वातावरणसँग सम्बन्धित गतिबिधिहरुलाई समेटी वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखाले मासिक संगालो "हाम्रो पर्यावरण" प्रकाशन गर्न गैरहेकोमा म अत्यन्त खुशी छु । यस सन्दर्भमा असल अभ्यासको शुरुवात गर्ने वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखा प्रमुख श्री शेर वहादुर परियार लगायत सबै कर्मचारी साथीहरु तथा सुचना तथा जानकारी उपलब्ध गराउने सबै कार्यालयका साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। वन, वातावरण तथा जैविक विविधता मानव जाती तथा समग्र पृथ्वीको अस्तित्वको लागि नै अपरिहार्य तत्वको रुपमा रही दिगो विकासको मूल आधारको रुपमा समेत रहेको छ। त्यसैले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताहरुको परिधि भित्र रहँदै समसामयीक जलवायु परिवर्तनका समस्याहरुसँग जुझ्नी, न्यूनीकरण गरी तथा सोसँग अनुकुल बनाई विकासको गतिलाई अगाडि बढाउन यस मन्त्रालयले भूमिका निर्वाह गरिरहेको छ । स्थानीय तथा प्रादेशिक स्तरमा वन निर्देशनालय, डिभिजन वन कार्यालयहरु तथा सब-डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु तथा वनका उपभोक्ताहरु अहोरात्र खटिई वन तथा वातावरण संरक्षण तथा व्यवस्थापनको क्षेत्रमा अमूल्य योगदान पुर्याउदै आईरहेका छन् ।

पछिल्लो समयमा हाम्रा कृयाकलापहरुको पर्याप्त प्रचार-प्रसार एवं सार्वजनिकिकरण नहुँदा वन संरक्षण कार्यको उचित मुल्याङ्कन हुन सकेको छैन।पर्यावरणीय संरक्षणको महत्व र वन संरक्षण तथा वन अपराध नियन्त्रण सम्बन्धमा समुदाय तथा सरोकारवाला निकायहरु माँझ सचेतनाको कमी हुँदा वन संरक्षण कार्य थप चुनौतीपुर्ण हुदै गएको छ भने समग्र वन संगठनले गरिरहेको महत्वपुर्ण जिम्मेवारीलाई नै नजरअन्दाज गर्ने प्रवृत्ति विकास भएको छ । यसर्थ वन, वातावरण लगायत समग्र पर्यावरण संरक्षण कार्य अत्यन्त महत्वपुर्ण भएकोले यस सम्बन्धमा भए गरेका कार्यहरु आम समुदाय तथा सरोकारवालाहरु समक्ष जानकारी गराउन एवं सचेतना विस्तार गर्न अत्यावश्यक हुन आउँदछ।सोही आवश्यक्तालाई महशुस गर्दै मन्त्रालयबाट यस मुखपत्र "हाम्रो पर्यावरण" प्रकाशनको शुरुवात गरिएको छ । मन्त्रालयको मुखपत्रको रुपमा यस मासिक बुलेटिनले वन तथा वातावरण संरक्षण र व्यवस्थापन मार्फत कर्णाली प्रदेशको आर्थिक सम्वृद्धिमा टेवा पुर्याउने गरी उपयुक्त सल्लाह, सुझाव एवं विचारमुलक लेख, रचनाहरु समेत समेटी समाग्रीहरु प्रकाशन गरिने छ भन्ने आशा गर्दछु। यसका साथै यस मन्त्रालय र मातहतका सबै कार्यालयहरुले नियमित रुपमा आफ्ना कार्यहरुको जानकारी एवं सुचनाहरु यस बुलेटिन मार्फत सार्वजनिकिकरण गर्दै वन क्षेत्रलाई सुशासित गर्नको लागि समेत योगदान पुर्याउनु हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

**अजित कर्ण**
**प्रदेश सचिव**
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# मन्त्रालयबाट ९ वटा जिल्लास्थित कार्यालयहरुको अनुगमन तथा निरिक्षण सम्पन्न

चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक समयावधिमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले विभिन्न ९ वटा जिल्लाका जिल्लास्थित कार्यालयहरुको अनुगमन तथा निरिक्षण गरेको छ। मन्त्रालयले हुम्ला बाहेक अन्य सबै जिल्लाका जिल्लास्थित कार्यालयहरुको कार्यालय अनुगमन गरी कार्यालयका स्वीकृत वार्षिक कार्यक्रम अन्तरगतका कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाको बारेमा जानकारी लिने तथा आवश्यक पृष्ठपोषण दिने कार्य गरेको छ । मन्त्रालयले पहिलो चरणमा मन्त्रालयका वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखा प्रमुखको नेतृत्वमा मुगु, जुम्ला, कालिकोट र दैलेख जिल्लाका कार्यालयरुको अनुगमन गरेको थियो । उक्त अनुगमन प्रदेश वन निर्देशनालय सुर्खेतका योजना शाखा प्रमुख लगायतको सहभागितामा गरिएको थियो । अनुगमनको दोश्रो चरणमा मन्त्रालयका सचिव ज्यूको नेतृत्वमा जाजरकोट,डोल्पा, रुकुम पश्चिम र सल्यान जिल्लाका जिल्लास्थित कार्यालयहरुको




अनुगमन तथा निरिक्षण कार्य गरिएको थियो । अनुगमनको क्रममा डिभिजन वन कार्यालयहरु र मातहतका सब डिभिजन वन कार्यालयहरुका कर्मचारीहरुसँग संयुक्त छलफल तथा अन्तरक्रिया, कार्यालयहरुबाट भए गरेका क्रियाकलापहरुको जानकारी संकलन, सब डिभिजन वन कार्यालयहरुको निरिक्षण, जिल्लास्थित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरुको अनुगमन, भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरुको अनुगमन गरिएको थियो। मन्त्रालयले चौमासिक रुपमा जिल्लास्थित कार्यालयहरुको अनुगमन गर्दै वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण तथा सहजिकरण गर्ने लक्ष्य राखेको छ ।

# कर्णालीका ३१ सब डिभिजन वन कार्यालय भाडाका घरमा

कर्णाली प्रदेशका १० वटा जिल्ला अन्तरगत जम्मा ११ वटा डिभिजन वन कार्यालयहरु रहेका छन्। उल्लेखित ११ वटा डिभिजन वन कार्यालयहरु मातहत जम्मा ५८ वटा सब डिभिजन वन कार्यालयहरु रहेकोमा हाल जम्मा २७ वटा मात्र सब डिभिजन वन कार्यालयहरुको आफ्नै भवन रहेका छन् भने बाँकी ३१ वटा सब डिभिजन वन कार्यालयहरुको भवन नहुँदा भाडामा सञ्चालित रहेका छन् । सब डिभिजन वन कार्यालयको आफ्नै भवन भएका कार्यालयहरुमा समेत फर्निचर, कार्यालय समाग्रीहरु लगायतका समाग्रीहरु नहुँदा सेवा प्रवाहमा कठिनाई भोग्नुपरेको छ । साथै जाजरकोट जिल्ला मातहतको नलगाड सब डिभिजन वन कार्यालय २०८० साल कात्तिक महिनामा गएको रुकुम जाजरकोट भुकम्पको कारण जिर्ण अवस्थामा पुगेको छ भने छेडागाड सब डिभिजन वन कार्यालयको भवन २०८० मै गएको पहिरोको कारण क्षति पुगेको भएता पनि हालसम्म मर्मत हुन नसकेको डिभिजन वन कार्यालयले जनाएको छ । मन्त्रालयले पर्यटन पुर्वाधारतर्फ विभिन्न गुम्बा, मन्दिर लगायतका पुर्वाधारहरु निर्माण गरिरहेको भएता पनि आफ्नै भवन निर्माण तर्फ ध्यान दिन नसकेकोले आगामि आर्थिक वर्ष देखी सब डिभिजन वन कार्यालयहरुको संस्थागत विकास तर्फ ध्यान दिनुपर्ने प्रदेश वन निर्देशनालयलेको भनाई रहेको छ । सब डिभिजन वन कार्यालयहरुमा सातौं तहका वन अधिकृतको दरबन्दी रहेको र हाल सबै जसो सब डिभिजन वन कार्यालयहरुमा अधिकृत (सातौं तह) का कर्मचारीहरु पुगिसकेका छन । नेपाल सरकारको २०७२ को निर्णय अनुसार राशन सुविधा समेत प्राप्त गरेका वन सेवाका कर्मचारीहरु २४ सै घन्टा स्थलगतरुपमा वन संरक्षण, वन अपराध नियन्त्रण तथा वन व्यवस्थापन कार्यमा खटिनु पर्दछ ।

## तथ्यांक व्यवस्थापन दिग्दर्शन, २०८२ लागु

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले डिभिजन वन कार्यालय, सब-डिभिजन वन कार्यालय तथा प्रदेश वन निर्देशनालयमार्फत हुने वन संरक्षण तथा व्यवस्थापन सम्बन्धि तथ्याङ्क संकलन दिग्दर्शन २०८२ लागु गरेको छ । उक्त दिग्दर्शनमा डिभिजन वन कार्यालयहरु तथा सब डिभिजन वन कार्यालयहरुले गर्ने नियमित गतिबिधिहरुलाई व्यवस्थित र एकरुपतामा अभिलेखिकरण गर्नको लागि फारामहरु तयार गरिएको छ ।

मन्त्रालयले स्वीकृत गरी लागु गरिएको तथ्याङ्क व्यवस्थापन दिग्दर्शन २०८२ बाट वन क्षेत्रमा हुने सबै घटना/कार्यसम्पादनको तथ्याङ्क एवं अभिलेखहरु व्यवस्थित हुने अपेक्षा गरिएको छ । दिग्दर्शनमा वन संरक्षण सम्बन्धि हुने कार्यहरु तथा अभिलेखहरुलाई टिपोट (घटना घटेकै दिन जानकारी दिनुपर्ने ), प्रतिवेदन (मासिक रुपमा प्रतिवेदन दिनुपर्ने) र अभिलेख (अर्धवार्षिकरुपमा अद्यावधिक गरी पेश गर्नुपर्ने) मा वर्गिकरण गरी फारामहरु तयार गरेको छ ।

# संस्थागत विकासका लागि सब डिभिजन वन कार्यालयहरुमा सामग्री वितरण

कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुमा वन प्रशासनलाई थप सुदृढ, प्रभावकारी र सेवा-मुखी बनाउने उद्देश्यसहित डिभिजन वन कार्यालयहरुले सब डिभिजन वन कार्यालयहरूमा आवश्यक कार्यालय तथा आवासीय सामग्रीहरू वितरण गरिएको छ ।

डिभिजन वन कार्यालय, जुम्लाको पहलमा जिल्लामा रहेका छ वटा सब डिभिजन वन कार्यालयहरूलाई दैनिक प्रशासनिक कार्य, अभिलेख व्यवस्थापन तथा कर्मचारीको कार्य वातावरण सहज बनाउन विभिन्न सामग्रीहरू वितरण गरिएको हो । डिभिजन वन कार्यालयले सब डिभिजन वन कार्यालयहरुलाई कार्यालय व्यवस्थापन, आवास व्यवस्थापन र कर्मचारीहरुको लागि फिल्ड गिएर लगायतका उपकरणहरु प्रदान गरेको छ । यसका साथै सब डिभिजन वन कार्यालयको आवश्यक दुई पाङ्ग्रे सवारी साधनको खरिदको लागि समेत कार्यालयले आवश्यक प्रकिया अगाडी बढाएको छ ।

त्यसै गरी डिभिजन वन कार्यालय



दैलेखले समेत सब डिभिजन वन कार्यालयको संस्थागत विकास कार्यक्रम र च्बलनभचक' न्भबच कार्यक्रम अन्तरगत सब डिभिजन वन कार्यालयका कर्मचारीहरुको लागि सब-डिभिजन वन कार्यालयका कार्यालय व्यवस्थापन तथा आवास व्यवस्थापन लगायत फिल्ड गिएरहरु उपलब्ध गराएको छ ।

## पन्ध्र बर्ष देखि अध्यारो दुल्लु सब डिभिजनमा आशाको बत्ति बल्यो

डि.व.का.दैलेखको कार्यक्षेत्र अन्तर्गतकोदुल्लु सब डिभिजन करिब १५ बर्ष देखी विद्युत जडान हुन नसकेकोमा भर्खरै मात्र विद्युत जडान गरिएको छ । सब डिभिजन वन कार्यालयमा पानी, बिजुली र अन्य आधारभुत आवश्यकता बिना नै काम काज गर्दै आइरहेको अवस्थामा मिति २०८२/०८/०८ गते डी.व.का. दैलेखका डिभिजनल वन अधिकृत अमर प्रसाद साह, सब डी.व.का का कर्मचारी, विद्युत, तथा स्थानीय निकायको सहयोग र समन्वयमा बिजुली बत्ति जडान गरिएको । कार्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक अन्य उपकरण तथा व्यवस्थापनका कार्यहरुमा पहल भने जारी नै रहेको छ ।

## मन्त्रालय...

पहल गर्नुपर्ने सम्बन्धमा छलफल गरिएको थियो । त्यसैगरी सोही निर्देशिकाको दफा ५(१) बमोजिम गठित विकास समस्या समाधान समितिको बैठक मिति २०८२।० ९।१४ गते सम्पन्न भएको छ। उक्त बैठकमा विकास समस्या समाधान उपसमितिबाट सिफारिस गरिएका विभिन्न विषयहरुमा छलफल भएको थियो ।

जसमा सरकारी कार्यालयको भवन निर्माणमा तथा अन्य काठजन्य सामाग्री प्रयोगमा स्वदेशी काठको प्रयोगलाई अनिवार्य गराउन प्रदेश सरकारको निर्णयका लागि प्रस्ताव पेश गर्ने, मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम संचालन नियमावली संशोधन गर्नका लागि सामाजिक विकास मन्त्रालयलाई पुन: अनुरोध गर्ने, ब्याज अनुदान सम्बन्धी कार्यक्रममा हालसम्म कुनै बैंकको पनि खासै चासो नदेखिएको हुँदा पुन: अनुरोध गर्ने, बजार अनुगमनको कानूनी कारवाही अगाडि बढाउन आवश्यक पहल गर्ने लगायतका विषयहरुमा छलफल गरिएको थियो ।

## मन्त्रालयस्तरिय राय सुझाव समिति गठन

उद्योग पर्यटन वन तथा वातवरण मन्त्रालयले वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित नीति नियय, कानून, कार्यविधि तथा मापदण्डहरुलाई समसामयिक हिसाबले आवश्यक्ता बमोजिम सुधार एवं परिमार्जन गर्नको लागि मन्त्रालयस्तरिय राय सुझाव समिति गठन गरेको छ। राय सुझाव समिति प्रदेश वन निर्देशनालय सुर्खेतका प्रदेश वन निर्देशक शेर बहादुर श्रेष्ठ को संयोजकत्वमा गठन गरिएको छ।

राय सुझाव समितिका सदस्यहरुमा प्रशासन तथा योजना महाशाखाका महाशाखा प्रमुख कल्पना खत्री, विज्ञान वातावरण तथा जलवायु परिवर्तन महाशाखा प्रमुख रमेश कुमार गिरी, डिभिजन वन कार्यालय भेरीका डिभिजनल वन अधिकृत मुन बहादुर रावत, डिभिजन वन कार्यालय सुर्खेतका डिभिजनल वन अधिकृत राधाकृष्णा दास, डिभिजन वन कार्यालय रुकुम पश्चिमका डिभिजनलन वन अधिकृत बसन्तबाबु श्रेष्ठ, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका प्रमुख लेखा अधिकृत बखत बहादुर शाही र मन्त्रालयका कानून अधिकृत खगेन्द्र कुमार खत्री रहनु भएको छ । समितिको सदस्य-सचिव मन्त्रालयका वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखाका प्रमुख शेर बहादुर परियार रहनुभएको छ।समितिको कार्यजिम्मेवारी मन्त्रालयको विषयक्षेत्रसँग सम्बन्धित नीति, नियम, कानुन तथा कार्यविधिहरुको अध्ययन, एवं विश्लेषण गर्ने, आवश्यक्ता बमोजिम विषयविज्ञ तथा सरोकारवालाहरुसँग आवश्यक छलफल तथा समन्वय गर्ने, नीति, नियम, कानुन तथा कार्यविधिहरुको आवश्यक्ता बमोजिम संशोधनको लागि सिफारिस गर्ने रमन्त्रालयले दिएका नीतिगत सुधारका अन्य जिम्मेवारीहरु समेत पुरा गर्ने दिइएको छ। उक्त समिति उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको मिति २०८२ मंसिर २ गतेको माननीय मन्त्रिस्तरिय निर्णयबाट गठन गरिएको छ।

# कर्णाली प्रदेशबाट हालसम्म १५ लाख ६८ हजार २२२ कि.ग्रा जडिबुटी निकासी



कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुबाट चालु आर्थिक वर्षको प्रथम अर्धवार्षिक सम्ममा जम्मा १५लाख ६८ हजार २२२ किलोग्राम जडिबुटी निकासी भएको छ। मन्त्रालयको विवरण अनुसार कर्णाली प्रदेशको हुम्ला जिल्ला बाहेक अन्य सबै जिल्लाहरुमा हाल जडिबुटी सङ्कलन तथा निकासी कार्य भईरहेको छ ।

हुम्ला जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनाको म्याद समाप्त भएको कारण हाल उक्त जिल्लामा वन व्यवस्थापनका कुनै पनि कार्यहरु हुन सकेका छैनन् । यस प्रदेशबाट जटामसी, यार्सागुम्बा, सतुवा, सेतक चिनी, सुगन्धवाल लगायत वहुमुल्य जडिबुटीहरु निकासी हुने गर्दछन । जडिबुटी कर्णाली प्रदेशको प्रमुख आर्थिक श्रोतमा पर्दछ। जिल्लागत हिसाबले सबैभन्दा धेरै सल्यान जिल्लाबाट ४४९४२५ कि.ग्रा. निकासी भएको छ भने सबैभन्दा कम डिभिजन वन कार्यालय भेरीबाट जम्मा १००० कि.ग्रा. निकासी भएको छ । खोटो लगायत विभिन्न वन पैदावारको निकासीबाट उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयमातहतका कार्यालयहरुबाट चालु आर्थिक वर्षको प्रथम अर्धवार्षिक अवधिमा जम्मा ६ करोड २२ लाख रुपैया प्रदेश सञ्चित कोषमा दाखिला भएको छ ।

# वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन तर्फ अघि बढ्दै कर्णाली



कर्णाली प्रदेश सरकार अन्तरगत उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन पद्धतिलाई प्राथमिकताका साथ अगाडि बढाउने भएको छ ।

वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन पद्धतिमार्फत जङ्गलमा रहेका उमेर पुगेका परिपक्व, सुख्खड खडा, ढलापडा रुखहरुको सङ्कलनबाट काठ दाउरा उत्पादन भई स्थानीय तथा प्रदेशको काठको माग सम्बोधन हुने र राजश्वमा समेत उल्लेखनीय वृद्धी हुने भएकोले मन्त्रालयले यसै आ.व. देखी दिगो वन व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ ।

मन्त्रालयले चालु आर्थिक वर्षमै समेत विभिन्न जिल्लाहरुको वार्षिक स्वीकृत कार्यक्रमहरुमा दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयनको लागि बजेट विनियोजन गरेको छ। सोही उद्धेश्य पुरा गर्ने हिसाबले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले मिति २०८२ पौष २० गते देखी २५ गते सम्म सञ्चालन गरेको छ । तालिममा विभिन्न जिल्लाका २५ जना अधिकृत तथा रेन्जरस्तरका कर्मचारीहरु सहभागि भएका थिए। तालिमको क्रममा श्रोत व्यक्तिको रुपमा दिगो वन व्यवस्थापनका विज्ञ तथा डिभिजन वन कार्यालय बर्दियाका डिभिजनल वन अधिकृत विजयराज सुवेदीले दिगो वन व्यवस्थापनका सैद्धान्तिक तथा व्यवहारीक पक्षहरुको विषयमा सहजिकरण गर्नु भएको थियो । साथै दिगो वन व्यवस्थापन कार्ययोजना तयारीको सम्बन्धमा दिगो वन व्यवस्थापन विज्ञ श्रवन वस्नेतले तालिमको प्राविधिक शत्र सहजिकरण गर्नुभएको थियो । तालिममा सहभागिहरुलाई डिभिजन वन कार्यालय वर्दिया र डिभिजन वन कार्यालय बाँकेका दिगो वन व्यवस्थापन भएका सामुदायिक वनहरुको स्थलगत अवलोकन गराईएको थियो ।

कर्णाली प्रदेश सरकारले दिगो वन व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गरी लागु गरेपश्चात कर्णाली प्रदेश अन्तरगतका डिभिजन वन कार्यालयहरु दिगो वन व्यवस्थापन तर्फ अग्रसर हुदैछन् । अघिल्लो आ.व.मा सल्यान जिल्लामा विभिन्न १६ वटा सामुदायिक वन उपभोक्ता समुहहरुले दिगो वन व्यवस्थापन कार्ययोजना तयार गरी स्वीकृत गरिएको छ ।

# कर्णालीमा ४१ लाख ७० हजार केजी खोटो निकासी

कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुबाट चालु आर्थिक वर्षमा जम्मा ४१ लाख ७० हजार किलोग्राम खोटो निकासी भएको छ। उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयमा प्राप्त विवरणहरु अनुसार कर्णाली प्रदेशको हुम्ला जिल्ला बाहेक अन्य सबै जिल्लाहरुमा हाल खोटो सङ्कलन तथा निकासी कार्य भईरहेको छ ।

हुम्ला जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनाको म्याद समाप्त भएको कारण हाल उक्त जिल्लामा वन व्यवस्थापनका कुनै पनि कार्यहरु हुन सकेका छैनन्। जिल्लागत हिसाबले सबैभन्दा धेरै सल्यान जिल्लाबाट २३,९५,४२६ कि.ग्रा र सबैभन्दा कम डिभिजन वन कार्यालय भेरीबाट जम्मा ५७५ कि.ग्रा. खोटो सङ्कलन भई निकासी भएको छ।प्रदेशभित्रका सामुदायिक वनहरुबाट खोटो सङ्कलन तथा निकासीकार्यबाट खोटोको जम्मा दररेट प्रति कि.ग्रा. रु. १२ का दरले जम्मा ५ करोड ४० हजार भन्दा बढी रुपैंया प्राप्त भएको छ ।

## दैलेखमा पासोमा परी भाले चितुवा मृत



दैलेख जिल्लामा भाले चितुवा पासोमा परी मृत अवस्थामा भेटिएको छ। मिति २०८२/०९/१४ गते जिल्ला दैलेख दुल्लु न.पा.-०५ स्थित ढाडाखोला भन्ने स्थानमा पासोमा परि मृत अवस्थामा भेटिएको थियो । मृत चितुवाको डिभिजन वन कार्यालय दैलेखको टोलिले पशु प्राविधिकबाट पोष्टमार्टम गराई डिभिजन वन कार्यालयको हाता भित्र खाडल खनी नियमानुसार अन्त्यष्टी गरेको छ।घटनाको सम्बन्धमा आवश्यक अनुसन्धान गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्न डि.व.का. दैलेखका वन अधिकृत रक्संदा सेढाईलाइ अनुसन्धान अधिकारी तोकी अनुसन्धान कार्य अगाडी बढाईएको छ ।

## कर्णालीका ३५ स्थानमा डढेलो



यस वर्षको पौष महिना सम्ममा कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुमा ३५ वटा वन डढेलोका घटनाहरु घटेका छन । गत आ.व.मा अघिल्लो आ.व. भन्दा कम वन डढेलोका घटनाहरु घटेको भएता पनि यस आ.व. को शुरुवातमै वन डढेलोका घटनाहरु बढेको कारण यस वर्ष वन डढेलोका घटनाहरु बढ्नसक्ने जोखिम देखिएको छ। कर्णाली प्रदेशमा यस वर्षको असोजमा १ स्थान, कात्तिक महिनामा १ स्थान, मंसिर महिनामा १० स्थान र पौष महिनामा २३ स्थानमा वन डढेलोका घटनाहरु घटेको र डिभिजन वन कार्यालयहरुको पहलमा नियन्त्रणमा लिईएको छ । मन्त्रालयमा प्राप्त विवरण अनुसार हालस्म सुर्खेत (डिभिजन वन कार्यालय भेरी, र सुर्खेत) मा जम्मा ५ पटक, सल्यानमा ४, हुम्लामा ३, मुगुमा ११ पटक, जुम्लामा ५ पटक र कालिकोटमा ८ पटक वन डढेलोका घटनाहरु घटेका छन् । उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले यस वर्ष वन डढेलोका घटनाहरु बढ्ने भएकोले मातहतका सबै कार्यालयहरुलाई सजग रहना र वन डढेलो नियन्त्रणका लागि तयारी अवस्थामा रहनको लागि निर्देशन गरेको छ ।

## कालिकोटमा जंगली वयस्क भालु मृत अवस्थामा फेला

कालिकोट जिल्ला अन्तगत रास्कोट नगरपालिकामा जङ्गली वस्यक भालु मृत अवस्थामा फेला परेको छ । मिति २०८२/०८/२४ गते जिल्ला कालिकोट, रास्कोट नगरपालिका वार्ड नं. ६ बिगारे भन्ने स्थानमा जंगल क्षेत्र भित्र खोलाको किनारमा मृत अवस्थामा जंगली भालु भेटिएको भनि जिल्ला प्रहरी कार्यालय कालिकोटबाट सुचना प्राप्त भई तत्काल डिभिजन वन कार्यालय कालिकोटका वन अधिकृत शोहेल अरमान अंसारीको नेतृत्वमा वन कर्मचारीहरुको टोलि खटि उक्त वार्ड नं. ६ का वडा अध्यक्ष लगायत स्थानीय मानिसहरु तथा ईलाका प्रहरी कार्यालयका प्रहरी प्रतिनिधि समेतको रोहवरमा आवश्यक कानुनी कागजात तयार गरि डिभिजन वन कार्यालयमा ल्याई उक्त जंगली भालुको मृत शरीर डिभिजन वन कार्यालय कालिकोटको हाता भित्र जिल्ला प्रशासनको प्रतिनिधि, जिल्ला प्रहरी



कार्यालयका प्रतिनिधि, सशस्त्र प्रहरीका प्रतिनिधि, जिल्ला पशु अस्पताल तथा पशु सेवा कार्यालय कालिकोटका कार्यालय प्रमुख सहितको टोलिको रोहवरमा आवश्यक प्रक्रिया पुरा गरि गाडिएको र सो सम्बन्धमा अनुसन्धान कार्य जारि रहेको ।

## रतुवा व्यवस्थापनका लागि बर्दिया राष्ट्रिय निकुञ्जमा पठाइयो



४ बर्ष अघि उद्धार गरी डी.व.का. दैलेखमा राखिएको रतुवा मृगलाई मिति २०८२/०९/२३ गते ल्त्ल्क्ष्ृ बर्दिया को सहयोगद्धारा बर्दिया रास्ट्रिय निकुञ्चजमा लागि पठाईएको ।स्थानीय सामुदायिक समुदायद्धारा समाती डिभिजन वन कार्यालयलाई दिइएको रतुवा मृग डिभिजन वन कार्यालयले विगत ४ वर्षदेखी आहारा दिँदै हुर्काईरहेको थियो ।

# अवैध रुपमा संकलन गरिएको गुजर गानो बरामद



डिभिजन वन कार्यालय सुर्खेतले अवैधरुपमा सङ्कलन गरी राखेको गुजरगानो प्रजातीको गैरकाष्ठ वन पैदावार बरामद गरेको छ। अवैध रुपमा गुजर गानो जातको वन पैदावार विभिन्न स्थानमा संकलन भई रहेको छ भन्ने विशेष सूचना डिभिजन वन कार्यालयमा प्राप्त भए पश्चात कार्यालयले सम्बन्धित सब डिभिजन वन कार्यालयले आवश्यक निरिक्षण तथा जाँचबुझको लागि खटाएको थियो ।

सो पश्चात कार्यालयमातहतको लेकबेसी सब डिभिजन वन कार्यालयले मिति २०८२/०९/२२ गते लेकवेशी न.पा. ८ स्थित आरनटुडा भन्ने स्थानमा स्थानीय विर सिंह नेपालीको घरको हाताभित्र अवैध रुपमा संकलित ४९,४२६ कि.ग्रा. गुजरगानो फेला पारी वरामद गरेको थियो भने निज घरधनीलाई पक्राउ गरेको थियो ।

बरामद भएको गुजर गानो ठुलो परिमाणमा रहेकोले वन कर्मचारीहरुले बारदातस्थलबाट ढुवानी गरी सशस्त्र वन सुरक्षा पोष्ट काक्रेबिहारमा ल्याई ३ दिनमा नापतौल गरेका थिए । कसूरमा संलग्न आरोपित विर सिंह नेपाली उपर वन ऐन, २०७६ बमोजिम अनुसन्धान भईरहेको हिरासतमा राखी अनुसन्धान कार्य जारी राखिएको डिभिजन वन कार्यालय सुर्खेतले जानकारी दिएको छ ।

# अवैध रुपमा पालन गरेको घोरल जातको वन्यजन्तुको बच्चाको उद्दार तथा मानिस पक्राउ

डिभिजन वन कार्यालय सुर्खेतले अवैध रुपमा पालेर राखिएको वन्यजन्तुको उद्धार गरेको छ। मिति २०८२/०८/०४ गते अवैध रुपमा घोरल जातको वन्यजन्तुको बच्चा पालन गरेको भन्ने विशेष सूचना कार्यालयमा सुचनाको आधारमा स्थलगत जाँचबुझ गर्दा सुर्खेत जिल्ला वीरेन्द्रनगर न.पा. १४ लादे स्थित एक होटेल (कटेज) मा एक वटा घोरलको बच्चा अवैध रुपमा पालन गरेको अवस्थामा फेला पारी वन्यजन्तुको उद्दार गरी होटेल सञ्चालककलाई पक्राउ गरी अनुसन्धान गरिएको थियो । अनुसन्धानपश्चात अवैधरुपमा घोरल पालन गर्न खोज्ने व्यक्तिलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार मुद्दा दायर गरिएको छ । उद्दार गरिएको वन्यजन्तुलाई राष्ट्रिय प्रकृति संरक्षण कोष, बर्दिया संरक्षण कार्यक्रमलाई जिम्मा लगाई बर्दिया राष्ट्रिय निकुञ्जमा पठाईएको छ ।

# सल्यानमा घाइते हुँडारको उद्धार

डिभिजन वन कार्यालय सल्यानले घाईते अवस्थामा रहेको हुँडारको उद्धार गरेको छ । मिति २०८२।०८।२८ कुमार दार्मी सब-डिभिजन वन कार्यालय, मोलिहाले, सल्यानको कार्य क्षेत्र भित्र पर्ने दार्मी गाउँपालिका वडा नं. ०४ ककाफल पानी खोल्सी भन्ने स्थानमा गम्भीर घाइते भएको अवस्थामा हुँडार प्रजातिको वन्यजन्तु फेला पारी स्थानीय व्यक्तिहरुले कुमार दार्मी सब-डिभिजन वन कार्यालयमा खबर गरेका थिए। सोही सुचनाको आधारमा वन कर्मचारीहरू घटनास्थलमा पुगी उक्त हुँडारको उद्धार तथा प्राथमिक उपचार गरी थप उपचारका लागि डिभिजन वन कार्यालय, खलंगा, सल्यानमा पठाईएको । हाल उक्त हुँडारलाई प्राकृतिक वासस्थानमा छोडिएको छ ।

# रतुवाको बच्चा उद्धार



डिभिजन वन कार्यालय रुकुम पश्चिमले मुसिकोट नगरपालिकचा वडा नं. २ सिस्नेखोला भन्ने स्थानबाट टुहुरो रतुवा मृगको उद्धार गरेको छ । मुसिकोट नगरपालिका २ का स्थानीय एक्क बहादुर खड्काले मिति २०८२/०८/२७ गतेका दिन माउ नभएको रतुवाको बच्चा फेला पारी डिभिजन वन कार्यालय रुकुम पश्चिममा सुचना दिए पश्चात डिभिजन वन कार्यालयबाट वन कर्मचारीहरुको टोली घटनास्थल पुगी उक्त रतुवाको उद्धार गरी डिभिजन वन कार्यालय रुकुम (पश्चिम भाग)मा पुर्याईएको थियो।अन्दाजी करिब ४ महिनाको रतुवाको बच्चाको समान्य उपचार पश्चात हाल डिभिजन वन कार्यालय रुकुम (पश्चिम भाग)मा हेरचाह गरी राखिएको छ।

# हाब्रे विरालो जोगाउन ३२ हजार बिरुवा वृक्षरोपण

रेडपाण्डा नेटवर्कले कालिकोट, जुम्ला र जाजरकोट जिल्लाको विभिन्न साझेदार संस्थासँग सहकार्य गर्दै हाब्रेको संरक्षण र वासस्थान सन्तुलन कायम राख्ने को लागि "समुदायमा आधारित रेडपाण्डा संरक्षण परियोजना" अन्तर्गत परियोजना क्षेत्रमा २०८२ सालमा ३२ हजारभन्दा बढी बिरुवा रोपेको छ । कालिकोट जिल्ला स्थित रतेथला, जाजरकोट जिल्लाको धम्मधुम्मा र जुम्ला जिल्लाको नुनथाला मा आयोजित वृक्षारोपण कार्यक्रममा देवदार, ओखर, गुराँस र सल्लो प्रजातिका ३२ हजारभन्दा बढी बिरुवा रोपिएका रेडपाण्डा नेटवर्कले



जनाएको छ । विरुवा रोपण कार्य राष्ट्रिय वृक्षारोपण (असाढ १५) दिवसको अवसरमा सुरु गरिएको कार्यक्रममा सामुदायिक वन, उपभोक्ता समूह र स्थानीय स्वयंसेवकहरूको १५० जना सक्रिय सहभागिता रहेको रेडपाण्डा नेटवर्कले जनाएको छ । रेडपाण्डा जैविक विविधताको सन्तुलनमा महत्त्वपूर्ण भूमिका खेल्ने वन्यजन्तु हो। विश्वमै सङ्कटग्रस्त सूचीमा परेको यस प्रजातिको संरक्षण आजको आवश्यकता भएको सरोकारवालाहरू बताउँछन् ।

कार्णालीको पहाडी भूगोलमा रेडपाण्डा संरक्षण, वृक्षारोपण, वातावरणीय सन्तुलन र समुदाय-सरकार-संस्थाबीचको सहकार्यलाई यो अभियानले ऐतिहासिक अभ्यासका रूपमा अगाडि बढाएको सरोकारवालाहरू बताउँछन् ।

## वन प्राविधिक आवास सञ्चालन हुने

नेपाल वन प्राविधिक संघ कर्णाली प्रदेशले प्रदेश भित्रका वन कर्मचारी तथा वन प्राविधिकहरुको लागि प्रदेश राजधानी रहेको सुर्खेतमा वन प्राविधिक आवास सञ्चालन गर्ने भएको छ ।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र अन्तरगत निर्माण हुने वन प्राविधिक तालिमको आवासमा वन प्राविधिक आवास सञ्चालन हुने नेपाल वन प्राविधिक संघ कर्णाली प्रदेशका अध्यक्ष शेर बहादुर परियार ले जानकारी गराएका छन ।

वन प्राविधिक संघको आवास गृह सञ्चालन हुने उक्त भवन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले ठेक्का प्रकियामा गएको जनाएको छ ।

# उच्च मुल्यवान जडिबुटीहरुको श्रोत सर्वेक्षण सम्बन्धि तालिम



उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेशको समन्वयमा Asian Network for Sustainable Bio–Resources (ANSAB) को आयोजनामा उच्च मुल्यवान जडिबुटीहरुको श्रोत सर्वेक्षण सम्बन्धी २ दिने तालिम मुगु जिल्लाको रारामा सम्पन्न भएको छ । तालिम मिति २०८२ मंसिर ७ र ८ गते डिभिजन वन कार्यालय मुगु, डिभिजन वन कार्यालय जुम्ला र रारा राष्ट्रिय निकुञ्जका कर्मचारीहरुको सहभागितामा सम्पन्न भएको थियो । यस कार्यक्रममा मन्त्रालयको वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखाका प्रमुख लगायत प्रदेश वन निर्देशनालयका कर्मचारीहरुको समेत सहभागिता रहेको थियो । यस कार्यक्रमबाट कर्णाली प्रदेशका २ वटा हिमाली जिल्लाका डिभिजन वन कार्यालयहरुको सिकाइ आदान-प्रदान समेत गरिएको थियो ।

# भौतिक पुर्वाधार समन्वय बैठक सम्पन्न



प्रदेश वन निर्देशनालय सुर्खेतले प्रदेश भित्रका भौतिक पुर्वाधार निर्माण आयोजनाहरु संचालनका लागि सजिकरण गर्ने उद्येश्यले समन्वय बैठक सम्पन्न गरेको छ। प्रदेश वन निर्देशक श्री शेर बहादुर श्रेष्ठज्यूको अध्यक्षतामा प्रदेश वन निर्देशनालय, भौतिक पुर्वाधार निर्देशनालय, सुर्खेत डिभिजन सडक कार्यालय, डिभिजन वन कार्यालय सुर्खेत, डिभिजन वन कार्यालय भेरी लगायत सरोकारवाला निकायका प्रमुख एवं प्रतिनिधीहरुको उपस्थितिमा भएको बैठकले भौतिक पुर्वाधारहरु निर्माण गर्ने क्रममा वन क्षेत्रको प्रयोग गर्नुपर्ने भएमा प्रचलित कानुन अनुसार निर्माण कार्य पुर्व नै वातावरणीय अध्ययन गरी नेपाल सरकारबाट जग्गाको भोगाधिकार लिएर मात्र अगाडी बढाउने तथा आयोजनाको कार्यान्वयनको क्रममा सरोकारवाला निकाय बिचको निरन्तर समन्वय गरी गर्नेपर्ने निर्णय गरी सम्पन्न भएको थियो ।

## वन सेवाका...

लगाउनेछन । मन्त्रालयबाट स्वीकृत ड्रेसकोड कार्यविधिमा नियमित निजामती पोशाक (पोशाक नं. १) वन सेवाका कर्मचारीहरुले वन गस्ती, वन अपराध नियन्त्रण तथा वन सेवाका औपचारी कार्यहरुमा प्रयोग गर्ने पोशाक (पोशाक नं. २) र वन डढेलो नियन्त्रण, वृक्षारोपण लगायतका कार्यहरु गर्दा प्रयोग हुने अनौपचारीक पोशाक (पोशाक नं. ३) गरी जम्मा ३ प्रकारका पोशाकहरुको विवरण उल्लेख गरिएको छायस ड्रेसकोड कार्यविधिको स्वीकृति पश्चात कुनै पनि कार्यालयहरुले पोशाक एवं फिल्ड गियरहरु खरिद गर्दा सोही कार्यविधि बमोजिम मात्र खरिद गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै कार्यविधिमा पोशाकहरुको मर्यादित पहिरनको लागि समेत निर्देशन दिईएकोछ ।

# जुम्ला जिल्लामा हिमाली कालो भालु र मानवबीचको द्वन्द्व बढ्दै

जुम्ला-जुम्ला जिल्लामा पछिल्लो समय हिमाली कालो भालु र मानवबीचको द्वन्द्व बढ्दै गएको छ । भालुको आक्रमणबाट मानविय तथा पशुधन क्षति बढ्न थालेपछि पीडितहरुले राहतका लागि निवेदन दिने क्रमसमेत बढेको छ ।

हिमाली कालो भालुको आक्रमणबाट घाइते भएका व्यक्ति तथा पशुधन क्षतिको राहत उपलब्ध गराइपाउन प्राप्त निवेदनहरूमाथि सम्बन्धित निकायले अध्ययन तथा विश्लेषण गरेको छ । पीडितहरुले पेश गरेका अस्पतालको सिफारिससहितका उपचार बिल, वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० अनुसार आवश्यक कागजात तथा प्रमाणका आधारमा राहत रकम सिफारिस गरिएको जनाइएको छ । अध्ययन अनुसार जुम्लाका विभिन्न स्थानमा भएको पाँच वटा घटनामा मानव र पशुधन क्षति भएको देखिएको छ। २०८२ साल असार २० गते तातोपानी गाउँपालिका-४ गिडिखोलामा हिमाली कालो भालुको आक्रमणबाट दिपेन्द्र न्यौपाने गम्भीर घाइते भएका छन्, जसका लागि रु. ७७,६२० राहत सिफारिस गरिएको छ। यस्तै, चन्दननाथ नगरपालिका-३ सिमखाडामा असार १७ गते भालुले पशुधन मारेपछि रामशरण उपाध्यायलाई रु. ४०,००० राहत सिफारिस गरिएको छ ।

गुठिचौर गाउँपालिका-३ गर्ज्याङकोटमा असार १९ गते बुङ्ची कामी गम्भीर घाइते भएका छन् भने गुठिचौर-५ धितामा असार २० गते झापु धिताल भालुको आक्रमणमा परेका छन् । उनीहरूका लागि क्रमशः रु. ६०,६४२ र रु. ५,७४४ राहत रकम सिफारिस गरिएको छ । त्यसैगरी, हिमा गाउँपालिका-५ बाजागाडामा असार ४ गते हरिचन्द्र रोकाया सामान्य घाइते भएका छन्, जसका लागि रु. २४,६७३ राहत प्रस्ताव गरिएको छ । यी सबै घटनाबाट पीडितहरुलाई उपलब्ध गराइने कुल राहत रकम रु. २ लाख ८ हजार ६ सय ७९ रहेको छ । राहत रकम निकासा गर्नका लागि निवेदकहरुको सक्कल फाइल प्रदेश वन निर्देशनालयमा पठाइएको सम्बन्धित कार्यालयले जनाएको छ ।

स्थानीयवासीका अनुसार बस्ती नजिकै जंगल क्षेत्र सिमित हुँदै जानु, खाद्यान्न अभाव र मानव गतिविधि बढ्नुले भालु बस्ती छिर्ने समस्या बढाएको हो । वन्यजन्तु र मानवबीचको बढ्दो द्वन्द्व न्यूनीकरणका लागि दीर्घकालीन समाधान, जनचेतना र प्रभावकारी व्यवस्थापन आवश्यक रहेको सरोकारवालाहरू बताउँदछन् ।

## बाज पन्छीको उपचारपछि जंगलमा छाडियो

वीरेन्द्रनगर नगरपालिका-२ स्थित लबस्ता क्षेत्रमा उद्धार गरिएको बाज पन्छी स्वास्थ्य अवस्थामा सुधार आएपछि पुनः प्राकृतिक बासस्थानमा छाडिएको छ । २०८२/०९/१८ गते बेलुकी करिब ७ बजे लबस्ता भन्ने स्थानमा एक बाझ पन्छी पानीमा रुझेर हलचल नगरी झोक्राएको अवस्थामा रहेको भन्ने सूचना यस कार्यालयमा प्राप्त भएको थियो ।

सूचनापछि तत्कालै कर्मचारी टोली स्थलगत रूपमा खटिई उक्त बाझ पन्छीको सुरक्षित रूपमा उद्धार गरिएको थियो । उद्धार पश्चात बाझ पन्छीलाई डिभिजन वन कार्यालय सुर्खेतमा ल्याई केही दिनसम्म सुरक्षित रूपमा राखिएको थियो। सो अवधिमा आवश्यक आहाराको व्यवस्था गर्नुका साथै जाडोबाट बचाउन तापको व्यवस्था समेत गरिएको थियो । उचित स्याहार-सम्भारपछि पन्छीको स्वास्थ्य अवस्थामा सुधार आएको पुष्टि भएपछि वीरेन्द्रनगर नगरपालिका-९ स्थित काक्रेबिहार वन संरक्षण क्षेत्रको पश्चिमी खण्डमा उक्त बाझ पन्छीलाई प्राकृतिक वातावरणमा छाडिएको हो ।

## डिभिजन वन कार्यालयबाट १०२ पटक स्थानीय तहहरुमा समन्वय बैठक सम्पन्न



कर्णाली प्रदेशका विभिन्न जिल्लाका डिभिजन वन कार्यालयहरुले चालु आ.व. को प्रथम अर्धवार्षिक समयावधिभित्र १०२ पटक स्थानीय तहस्तरिय समन्वय बैठक सम्पन्न गरेका छन् ।

मन्त्रालयमा प्राप्त प्रगति प्रतिवेदन अनुसार चालु आर्थिक वर्षका वार्षिक स्वीकृत कार्यक्रम अन्तरगतका कार्यक्रमहरुको कार्यान्वयनको जानकारी, सहजिकरण तथा वन संरक्षण, व्यवस्थापन, सामुदायिक वन परिचालन लगायतका विषयमा छलफल एवं अन्तरक्रिया गर्नको लागि छलफल एवं अन्तरक्रिया गरिएको छ ।

उल्लेखित बैठकहरु मासिक रुपमा हेर्दा असोज महिना सम्म ३७ पटक, कात्तिक महिनामा १२ पटक, मंसिर महिनामा १६ पटक र पौष महिनामा २५ पटक आयोजना गरिएको जिल्लाहरुले तथ्याङ्क पेश गरेका छन् ।

# वन अपराध नियन्त्रण कार्यमा अग्रसर बन्दै कर्णाली प्रदेशका डिभिजन वन कार्यालयहरु

वन अपराधन नियन्त्रण कार्यमा कर्णाली प्रदेशका डिभिजन वन कार्यालयहरु प्रभावकारी बन्दै गएको पछिल्लो तथ्याङ्कहरुले देखाएका छन् । कर्णाली प्रदेशका विभिन्न डिभिजन वन कार्यालयहरुमा चालु आर्थिक वर्षको दोश्रो अर्धवार्षिक समिक्षा अवधिसम्ममा ६७ वटा मुद्धाहरु अनुसन्धान भएका छन भने उक्त मुद्धाहरुमध्ये अधिकांश मुद्धाहरु सम्वन्धित निकायमा दायर समेत भएका छन् ।

मन्त्रालयमा प्राप्त विवरण अनुसार डिभिजन वन कार्यालय हुम्ला र मुगु बाहेक अन्य सबै डिभिजन वन कार्यालयहरुमा वन अपराधका मुद्धाहरुको अनुसन्धान तथा अभियोजन कार्य भएको छ । डिभिजन वन कार्यालयहरुले अनुसन्धान तथा अभियोजन




गरेका मुद्धाहरुमा वन्यजन्तु तथा अखेटोपहार ओसारपसार, अवैध रुपमा काठदाउरा चोरीनिकासी तथा ओसार पसार, अवैधरुपमा जडिबुटी सङ्कलन तथा निकासी एवं वन अतिक्रमण लगायतका छन् । गत वर्ष कर्णाली प्रदेश लोकसेवा आयोगबाट अधिकृत स्तरका कर्मचारीहरुको पदपुर्ती गरेपश्चात वन संरक्षण तथा वन अपराध नियन्त्रण कार्यमा कर्णाली प्रदेश वन मन्त्रालय अब्बल बन्दै गएको छ ।

## विभिन्न २३ वटा घटनाहरुमा प्रारम्भिक अनुसन्धान गरी कारवाही

कर्णाली प्रदेशका विभिन्न डिभिजन वन कार्यालयहरूले चालु आर्थिक वर्षको अवधिमा २३ वटा वन अपराधका घटनामा प्रारम्भिक अनुसन्धान गरी कारबाहीको सिफारिस गरेका छन् ।

सामुदायिक वन उपभोक्ता समूहको क्षेत्राधिकारभित्र पर्ने, तर वन्यजन्तुसँग प्रत्यक्ष सम्बन्ध नराख्ने सामान्य प्रकृतिका वन अपराध सम्बन्धी घटनामा डिभिजन वन कार्यालयहरूले अनुसन्धान अघि बढाएका हुन् । वन कार्यालयका अनुसार यस्ता घटनामा अवैध काठ कटानी, वन क्षेत्रमा अनधिकृत प्रवेश, दाउरा तथा वन पैदावारको अवैध संकलन, कार्ययोजना विपरीत गतिविधि लगायतका विषयहरू पर्ने गरेका छन् ।

प्रारम्भिक अनुसन्धानपछि घटनाको प्रकृति, क्षति र संलग्नताको आधारमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहलाई आवश्यक कारबाहीका लागि सिफारिस गरिने व्यवस्था छ । डिभिजन वन कार्यालयबाट सिफारिस प्राप्त भएपछि सामुदायिक वन उपभोक्ता समूहहरूले आफ्नो स्वीकृत विधान र वन व्यवस्थापन कार्ययोजना बमोजिम कारबाही प्रक्रिया अघि बढाउँछन् ।

## सामुदायिक वन उपभोक्ता समुहका ६९७ वटा भेला तथा बैठकहरु सहजीकरण

कर्णाली प्रदेशका सामुदायिक वन उपभोक्ता समूहहरूको सक्रियता बढाउने उद्देश्यले चालु आर्थिक वर्ष २०८१/०८२ को प्रथम अर्धवार्षिक अवधिमा प्रदेशभर ६९७ वटा भेला तथा बैठक सहजिकरण गरिएको छ । कर्णाली प्रदेशका ११ वटै सब-डिभिजन वन कार्यालयहरूले आ-आफ्नो कार्यक्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरूसँग समन्वय गरी उक्त भेला तथा बैठकहरू सहजिकरण गरेका हुन् ।

उक्त भेला तथा बैठकहरूमा सामुदायिक वन उपभोक्ता समूहहरूले लेखा परीक्षण, वार्षिक प्रगति विवरण तयारी, वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयन, आम्दानी-खर्चको समीक्षा, संरक्षण र उपयोग सम्बन्धी निर्णय लगायतका महत्वपूर्ण विषयमा छलफल र निर्णय गर्दै आएका छन् । यसले सामुदायिक वन व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । मन्त्रालयमा प्राप्त विवरणअनुसार असोज महिनासम्म २८५ पटक, कात्तिकमा ९४ पटक, मंसिरमा १५४ पटक र पौष महिनामा १६४ पटक गरी कुल ६९७ वटा भेला तथा बैठक सहजिकरण गरिएको हो । महिनागत रूपमा हेर्दा असोज महिनामा सबैभन्दा बढी र कात्तिक महिनामा तुलनात्मक रूपमा कम बैठकहरू भएका देखिन्छन् ।

कर्णाली प्रदेशभर हाल २८०० भन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरू दर्ता भए पनि तीमध्ये ठूलो संख्यामा समूहहरू निष्क्रिय बन्दै गएको सरोकारवाला निकायले जनाएको छ ।

नियमित भेला, बैठक, लेखापरीक्षण तथा कार्ययोजना कार्यान्वयन नहुँदा सामुदायिक वन व्यवस्थापन प्रभावहीन बन्दै गएको विश्लेषण गरिएको छ। प्रदेशमा हाल ११ वटा डिभिजन वन कार्यालय र तीअन्तर्गत ५८ वटा सब-डिभिजन वन कार्यालय रहेका छन् ।

# तस्वीर बोल्छ




मन्त्रालयबाट डिभिजन वन कार्यालय सल्यानको निरिक्षण



दैलेख डिभिजन वन कार्यालयको प्रगति विवरण प्रस्तुत गर्दै वन कर्मचारी



रुकुम पश्चिम जिल्लास्थित निर्माणाधिन खारा जनयुद्ध संग्रहालयको निर्माण कार्यको अनुगमन



भुकम्पबाट क्षतिग्रस्त जाजरकोट जिल्ला अन्तरगत नलगाड सब डिभिजन वन कार्यालय भवन



मन्त्रालयबाट उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय डोल्पाको निरिक्षण



सल्यान जिल्लास्थित मा लक्ष्मी हर्बल उद्योगमा जडिबुटी प्रशोधन कार्यमा स्थानीय महिलाहरु

## प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ को कार्यान्वयन सम्बन्धमा सार्वजनिक सुचना

प्रस्तुत विषयमा नेपाल सरकारले जारी गरेको "प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ तथा प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदूषण न्यूनीकरण गर्न ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्रि-वितरण र प्रयोगमा बिक्रम संवत् २०८२ मंसिर १ गते देखि लागू हुने गरी रोक लगाएको हुँदा यस प्रदेश अन्तर्गत स्थापित तथा सञ्चालित प्लाष्टिकजन्य उद्योगहरुले ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक उत्पादन गरे नगरेको अवस्था यकिन गरी कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक सहयोग गरीदिन हुन सम्बन्धित सरोकारवालाहरुलाई अनुरोध छ।

**विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा**
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत

## वन डढेलो लाग्ने कार्य नगर्न र गर्न नदिन उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको अनुरोध

सुख्खायाम शुरु भएसँगै यस प्रदेशका विभिन्न जिल्लाहरुमा वन डढेलोका घटनाहरु वृद्धि भईरहेको र वन डढेलो लगाउनु प्रचलित कानून बमोजिम दण्डनीय कार्य भएकोले वन डढेलो लाग्ने कुनै पनि कार्य नगर्न र कोही कसैला गर्न नदिनको लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले यो सुचना जारी गरेको छ । साथै वन डढेलोका घटनाहरु देखेमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समुह र डिभिजन वन कार्यालय तथा सुरक्षा निकायहरुलाई तत्काल जानकारी गराउनु हुनको लागि समेत अनुरोध छ ।

वन डढेलो नियन्त्रणको लागि सबै डिभिजन वन कार्यालयमा वन डढेलो फोकल टिम निर्माण गरी तैयारी अवस्थामा राख्नको लागि समेत सबै सब-डिभिजन वन कार्यालयहरुलाई यो सन्देश जारी गरिएको छ ।

**कर्णाली प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावण मन्त्रालय**
**वीन्दनगर, सुर्खेत**

हाम्रो
# पर्यावरण

**प्रमुख संरक्षक** : मा. सुरेश अधिकारी, मन्त्री, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
**संरक्षक** : श्री अजीत कुमार कर्ण, सचिव, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय,
**सल्लाहकार** : श्री शेर बहादुर श्रेष्ठ, प्रदेश वन निर्देशक, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
**कानुनी सल्लाहकार** : श्री खगेन्द्र खत्री शाखा अधिकृत (कानून) उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
**संयोजक** : श्री शेर बहादुर परियार, महाशाखा प्रमुख, वन व्यवस्थापन तथा जैविक विविधतासंरक्षण महाशाखा
**सदस्यहरु** : श्री महेश नेपाली, वन अधिकृत, योजना शाखा
**सदस्य-सचिव** : श्री निसा उपाध्याय, जलाधार व्यवस्थापन अधिकृत, भू तथा जलाधार व्यवस्थापन शाखा